# सहकारी संस्थाहरुसँग नेपालगञ्जमा AML/ CFT र goAML System सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण र goAML System मा आवद्ध भई रिपोर्टिङ्ग गर्ने सम्बन्धमा सहकारी संस्थाहरुको सहभागितामा मिति २०८० पुस ६ गते शुक्रबारका दिन होटल सिद्धार्थ, नेपालगंज, बाँकेमा एक दिने अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

सो कार्यक्रममा लुम्बिनी प्रदेश सहकारी विभाग, नेपालगंज उप-महानगरपालिका सहकारी विभाग, लुम्बिनी प्रदेश सहकारी संघ, नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लिमिटेड, नेपाल केन्द्रिय कृषि सहकारी संघ, राष्ट्रिय सहकारी बैंक लिमिटेड, जिल्ला सहकारी संघहरु बाँके, बर्दिया, दाङ्ग, सुर्खेत, बचत तथा ऋण सहकारी संघ बाँके, बहुउद्देश्यीय जिल्ला सहकारी संघ बाँके लगायत बाँके, बर्दिया, दाङ्ग, सुर्खेत, कैलाली जिल्लाका बिभिन्न सहकारी संस्थाहरुबाट करिब ५० जना सहकारी प्रतिनिधि र सम्वद्ध अधिकारीहरुको सहभागिता रहेको थियो ।



कार्यक्रममा इकाई प्रमुख/ निर्देशक दीर्घ बहादुर रावलले AML/CFT सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा उल्लेख भए अनुसार goAML System मा आवद्ध भई यस प्रणालीमा जोडिन सबै सहकारी संस्थाहरुलाई अनुरोध गर्नुभयो । साथै उहाँले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण नेपालको मात्र नभई विश्वकै एक महत्वपूर्ण एजेण्डा भएकाले यसतर्फ हामीले पनि महत्वपूर्ण भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले हामी सबैले अर्को पुस्तालाई एक सुरक्षित, अपराधमुक्त राष्ट्र हस्तान्तरण गर्नुपर्ने उल्लेख गर्दै ऐन बमोजिम रिपोर्टिंगका लागि सम्बन्धित सूचक संस्थाहरु goAML System मा जोडिनुपर्ने विषयमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, नेपालगंज कार्यालयका निर्देशक गिरिजा प्रसाद कोइरालाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यहरुमा सहयोग तथा सहकार्य नियमित रुपमा हुनुपर्ने बताउदै वित्तीय जानकारी इकाईका कार्यक्रममा सबैको सक्रिय सहभागिताका लागि अनुरोध गर्नुभयो ।

अतिथिको रुपमा लुम्बिनी प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुबेदीले नेपाल राष्ट्र बैंकद्वारा नियमन गरिएका संस्थाहरु जस्तै सहकारी संस्थाहरुमा पनि वित्तीय सुशासन आवश्यक रहेको भन्दै goAML System मा आवद्धता तथा रिपोर्टिङ्ग गर्नको लागि राष्ट्रिय सहकारी महासंघ अन्तर्गत प्रदेश तथा जिल्ला संघहरु लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा अतिथि नेपाल केन्द्रिय कृषि सहकारी संघका सञ्चालक देब बहादुर के.सी. ले सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीको सम्भावना न्यून रहेपनि अधिकांश कृषि सहकारीहरुले सम्पर्क बिन्दु तोकीसकेको र आबद्धता लगायतका कानुन कार्यान्वयन गर्न लागिपर्ने धारणा व्यक्त गर्नुभयो । यसैगरी नेपाल केन्द्रिय बहुउद्देश्यीय सहकारी संघका सञ्चालक भुपेन्द्र अधिकारीले अतिथिको रुपमा मन्तव्य राख्दै बहुउद्देश्यीय सहकारी संघले बिगत २ बर्षदेखि goAML System सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिरहेको जानकारी गराउँदै यथाशीध्र goAML System मा आबद्ध भई रिपोर्टिङ्ग गर्न जोड दिनुभयो ।

सो कार्यक्रममा इकाईका उप-निर्देशक केशब प्रसाद रिमालले AML/CFT सम्बन्धी सहकारी संस्थाहरुले पालना गर्नुपर्ने कानूनी तथा नियामकीय प्रावधानहरु, चुनौती र समाधानका बारेमा प्रथम कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । इकाईका सहायक निर्देशक श्री समिर कुमार सिहले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्यता माथि प्रकाश पार्नु भएको थियो भने इकाईका सहायक निर्देशक कमल पौडेलले उक्त कार्यक्रमको सञ्चालन गर्दै goAML System मा आवद्धता तथा रिपोर्टिङ्गको आवश्यकता, विद्यमान अवस्था, आवद्ध हुने तथा रिपोर्टिङ्ग गर्ने प्रक्रियाबारे दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।